# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मितिः २०८३।०५।१६ गते।

# प्रेस विज्ञप्ति

**विषयः आरोपपत्र दायर गरिएको।**

पर्यटन विकास कार्यालय गौर, रौतहट समेतले आर्थिक वर्ष २०८१/८२ मा जिल्ला रौतहट, परोहा नगरपालिका, ९ स्थित राधाकृष्ण मन्दिरको थप मर्मत कार्यमा मापदण्ड विपरीत न्यून गुणस्तरको कार्य गरी अनियमितता गरेको भन्नेसमेत बेहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आर्थिक बर्ष २०८१/०८२ मा मधेश प्रदेश सरकार, उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय, पर्यटन विकास कार्यालय, गौर, रौतहटबाट परोहा नगरपालिका वडा नं. ९, रौतहटमा "रामपुर पोखरीको डिलमा अधुरो शिवनाथ भवन निर्माण, भैरवनाथ मन्दिर निर्माण र राधाकृष्ण मन्दिरको अधुरो भवन निर्माण" कार्यको लागि रू. ५०,६६,९७५/- (पचास लाख छैसठ्ठी हजार नौसय पचहत्तर रूपैयाँ) को लागत अनुमान तयार गरी स्वीकृत भएको देखिएको, सोही बमोजिम निर्माण कार्य गर्नको लागि कार्यालय र शिवनाथ भवन, भैरवनाथ मन्दिर निर्माण र अधुरो राधाकृष्ण मन्दिर निर्माण कार्य उपभोक्ता समिति बिच सम्झौता भई अधुरो राधाकृष्ण मन्दिरको भवन निर्माण कार्यमा स्थलगत नापजाँच तथा प्राविधिक प्रतिवेदन बमोजिम नापी किताबमा उल्लेख भएको परिमाण र फिल्डमा भए गरेको वास्तविक परिमाण तुलना गरी हेर्दा निर्माणस्थलमा भए गरेको वास्तविक कार्यभन्दा नापी किताब, कार्य सम्पन्न प्रतिवेदनमा रू.६,८०,५९२/४३ (छ लाख असी हजार पाँच सय बयान्नब्बे रूपैयाँ र पैसा त्रिचालीस) बढी भुक्तानी लिए दिएको देखिएकोले "रामपुर पोखरीको डिलमा अधुरो शिवनाथ भवन निर्माण, भैरवनाथ मन्दिर निर्माण र राधाकृष्ण मन्दिरको अधुरो भवन निर्माण" कार्यमा संलग्न पर्यटन विकास कार्यालय, गौर, रौतहटका तत्कालीन निमित्त कार्यालय प्रमुख राजेश काफ्लेसमेतका प्रतिवादीहरूको आपसी मिलेमतो तथा योजनामा बदनियत राखी आफूसमेतका प्रतिवादीहरूलाई लाभ र नेपाल सरकार/प्रदेश सरकार/पर्यटन विकास कार्यालय, गौर, रौतहटसमेतका सार्वजनिक संस्थालाई हानि हुने गरी निर्धारित शर्त तथा मापदण्ड विपरीत फिल्डमा नभए नगरेको निर्माण कार्यलाई भए गरेको भनी नापी किताव तथा कार्यसम्पन्न प्रतिवेदनमा चढाई वास्तविक भए गरेको भन्दा रू.६,८०,५९२/४३ (छ लाख असी हजार पाँच सय बयान्नब्बे रूपैयाँ र पैसा त्रिचालीस) बढी कार्य भएको भनी गलत प्रतिवेदन तयार गरी गराई झुट्टा बिल भरपाई बनाई बनाउन लगाई सोही बमोजिमको भुक्तानी दिए लिएको देखिंदा उक्त कार्यमा संलग्न देहायका प्रतिवादीहरू उपर देहाय बमोजिमको सजाय हुन मागदाबी लिई आज बिशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहायः**

| क्रस | नामथर पद र कार्यालय | बिगो रू. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | पर्यटन विकास कार्यालय, गौर, रौतहटका तत्कालीन निमित्त कार्यालय प्रमुख **राजेश काफ्ले**, इन्जिनियर **सुदिप** | रू.६,८०,५९२/४३ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग) र (ङ) बमोजिमको कसुरमा बिगो छ लाख असी हजार पाँच सय बयान्नब्बे रूपैयाँ र पैसा त्रिचालीस कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगोबमोजिम जरिवाना गरी बिगो असुल उपर हुन तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा १९ को उपदफा (२) |

| | | | |
|---|---|---|---|
| | **प्रकाश तिमल्सेना**, इन्जिनियर **नितिश कुमार पटेल** | | बमोजिम कैद र जरिवाना सजायसमेत हुन मागदाबी लिइएको छ। |
| २. | अधुरो शिवनाथ भवन निर्माण, भैरवनाथ मन्दिर निर्माण र राधाकृष्ण मन्दिरको अधुरो निर्माण कार्य योजनाको उपभोक्ता समितिका अध्यक्ष **खहेरू साह तेली** र कोषाध्यक्ष **कुन्ती देवी** | रू.६,८०,५९२/४३ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग) र (ङ) बमोजिमको कसुरजन्य कार्यको नगद तथा अन्य गैरकानुनी लाभ लिने प्रकृतिको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुर भएको हुँदा बिगो छ लाख असी हजार पाँच सय बयान्नब्बे रूपैयाँ र पैसा त्रिचालीस कायम गरी मुख्य कसुरदारहरूलाई सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगोबमोजिम जरिवाना गरी बिगो असुल उपर हुने सजायलाई आधार लिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिवन्धात्मक वाँक्याश बमोजिम मुख्य कसुरदार सरह सजाय हुन मागदाबी लिइएको छ। |

प्रवक्ता

सुरेश न्यौपाने